# सत्य निरुपण तथा मेलमिलाप आयोगको छुट उजूरी आव्हान सम्बन्धी सूचना

राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच सम्बत् २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसिर ५ गते सम्म भएको सशस्त्र द्वन्द्वको क्रममा निस्शस्त्र व्यक्ति वा जन-समुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको घटनासँग सम्बन्धित मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको सम्बन्धमा उजुरी दिन छुट हुन गएको भन्ने जानकारी हुन आएकोले सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ३ बमोजिम पीडित वा निजको तर्फबाट उजुरी दिने म्याद थप गरी यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

१. उजूरी २०७४ असार २५ गते देखि २०७४ साउन २४ गते सम्म दिनु पर्नेछ ।

२. उजूरीको फारम आयोगको कार्यालय, बबरमहल, काठमाडौं वा आयोगको मुकाम बिराटनगर, जनकपुर, पाटन, पोखरा, तुल्सीपुर, बिरेन्द्रनगर, दिपायलबाट प्राप्त गर्न सकिनेछ तथा आयोगको बेबसाईट www.trc.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ ।

३. उजूरी आयोगको कार्यालय, बबरमहल, काठमाडौं वा आयोगको मुकाम बिराटनगर, जनकपुर, पाटन, पोखरा, तुल्सीपुर, बिरेन्द्रनगर, दिपायलमा आफै वा आफ्ना प्रतिनिधि मार्फत दिन सकिनेछ ।

४. उजूरी हुलाक, इमेल trcbabarmahal@gmail.com वा कार्यालय समयभित्र अन्य विद्युतीय माध्यम (फ्याक्स नं.०१-४२२०२९७) बाट वा पैसा नलाग्ने टेलिफोन नं. १६६००१०००२० मार्फत पनि दिन सकिनेछ ।

५. उजूरी खाम बन्दी गरी पेश गर्न सकिनेछ ।

६. उजूरीमा आफूले देखे जाने वा थाहा पाएसम्मका कुराहरु उल्लेख गर्नु पर्नेछ ।

७. आफूसँग भएसम्मका प्रमाणहरु उजूरी साथ संलग्न गर्न सकिनेछ ।

८. उजूरवालाले आफ्ना सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाई दिन आयोगलाई अनुरोध गर्न सक्नेछ ।

९. उजूरी दिन कुनै दस्तुर लाग्ने छैन ।

अन्य बिस्तृत जानकारीको लागि यस आयोगको कार्यालय वा आयोगको मुकाम वा आयोगको टेलिफोन नं.०१-४२४३७२७ र ०१-४२४६१३३ तथा पैसा नलाग्ने टेलिफोन नं. १६६००१०००२० मा सम्पर्क राख्न सकिनेछ ।